# अर्थ बुलेटिन

वर्ष ३ अंक ३

असोज, २०७८

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को असोजसम्ममा राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। यस अवधिको संघीय सरकारको कुल खर्चमा १६.६ प्रतिशतले वृद्धि भएको छ। तर पूँजीगत खर्चको वार्षिक वृद्धिदरमा अझै पनि सुधार हुन सकेको छैन।
- वैदेशिक सहायता प्रतिवद्धतामा गत आर्थिक वर्षको तुलनामा कमी आएको छ।
- कुल वस्तु निर्यातमा उच्च वृद्धि भएको छ भने कुल वस्तु आयातमा समेत वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निर्यातको अंश वृद्धि भएको छ तथापि आयातको आकार ठूलो भएको कारण व्यापार घाटा बढेको छ।
- आर्थिक पुनरुत्थानसँगै कम्पनी दर्ताको सङ्ख्या बढेको छ।
- विप्रेषण आप्रवाहमा कमी आएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै घाटामा छन्। साथै विदेशी मुद्रा सञ्चितिमा समेत कमी आएको छ। समग्रमा बाह्य क्षेत्रका परिसूचकहरुमा आएको उतारचढावले बाह्य क्षेत्रमा चाप परेको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. २ खर्ब १ अर्ब ८ करोडको तुलनामा १६.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ३४ अर्ब ५२ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. १ खर्ब ८६ अर्ब ५२ करोड, पूँजीगत खर्च १४ अर्ब ८९ करोड र वित्तीय व्यवस्था तर्फ रु. ३३ अर्ब ११ करोड रहेको छ। यस अवधिको चालु खर्चमा २.१ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगत खर्चमा १.१ प्रतिशतले कमी आएको छ। वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको असोज महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|
| चालु | ११७९७.५२ | १५९९३.५६ | १७४६१.२७ | १५६७६.०० | १८२६२.०० | १८६५२.३४ |
| पूँजीगत | १०६६.८५ | १५५६.६८ | २२५९.७४ | १८३७.०० | १५०५.०० | १४८८.९३ |
| वित्तीय | ११०.२२ | २९१.२४ | २६०.२६ | २८८.०० | ३४१.०० | ३३११.१० |
| **कुल खर्च** | **१२९७४.५९** | **१७८४१.४८** | **१९९८१.२७** | **१७८०१.००** | **२०१०८.००** | **२३४५२.३७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको असोजसम्मको कुल संघीय सरकारी खर्चमा साउन, भदौ र असोज महिनाको खर्च प्रतिशत क्रमशः ४.५ प्रतिशत, ३३.९ प्रतिशत र ६१.६ प्रतिशत रहेको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ९५५.७५ | ९३.५ | ० | १०४९.२५ | ०.०४५ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.३३९ |
| असोज | १२७९२.८६ | १२२८.०६ | ४३७.८७ | १४४५८.७९ | ०.६१६ |
| **जम्मा** | **१८६५२.३४** | **१४८८.९३** | **३३११.१** | **२३४५२.३७** | **१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब ७२ अर्ब ३६ करोडको तुलनामा ४८.० प्रतिशतले वृद्धि भई रु. २ खर्ब ५५ अर्ब ४ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. २ खर्ब २९ अर्ब ८ करोड र गैरकर राजस्व रु. २५ अर्ब ९६ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. २ खर्ब ७७ अर्ब ८५ करोड सङ्कलन भएको छ।

**तालिका (ग): पछिल्लो ५ वर्षको पहिलो तीन महिनासम्मको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| क.सं./ आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर | १२५५२.६३ | १७६२४.१९ | १७७४१.०१ | १६३४२.८ | २२९०८.०० |
| गैर कर | १४१४.२८ | २१६२.११ | १२२५.७८ | ८९३.६१ | २५९५.९४ |
| **कुल राजस्व** | **१३९६६.९१** | **१९७८६.३** | **१८९६६.७९** | **१७२३६.४१** | **२५५०३.९३** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): असोजसम्मको राजस्व लक्ष्य र असुलीको विवरण** (रू. करोडमा)


| कर शीर्षक | आ.व. २०७८/७९ वार्षिक लक्ष्य | आ.व. २०७७/७८ को असुली | आ.व. २०७८/७९ असोजसम्मको लक्ष्य | आ.व. २०७८/७९ को असूली | असोजसम्मको लक्ष्यको तुलनामा असूली % | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२७८९२.४०** | **४१०४.४८** | **६३१०.३७** | **६४०५.४४** | **९८.५** | **५६.१** |
| **मूल्य अभिवृद्धि कर** | **३१६३६.१०** | **५८०६.३४** | **७३८१.८७** | **७५४२.८०** | **९७.९** | **२९.९** |
| उत्पादन, बिक्री, सेवा | १३६६७.३१ | २७३६.४२ | ३०३६.०८ | २६७०.७३ | ११३.७ | -२.४ |
| आयात | १७९६८.७९ | ३०६९.९२ | ४३४५.७९ | ४८७२.०७ | ८९.२ | ५८.७ |
| **अन्तःशुल्क** | **१८२१६.७८** | **२९०१.२५** | **३८५७.०९** | **४३५५.१९** | **८८.६** | **५०.१** |
| आन्तरिक उत्पादन | ११०७६.५० | १८०७.५८ | १९१०.१० | २४१४.९६ | ७९.१ | ३३.६ |
| आयात | ७१४०.२८ | १०९३.६८ | १९४६.९९ | १९४०.२३ | १००.३ | ७७.४ |
| **शिक्षा सेवा शुल्क** | **१०१.००** | **५.६०** | **२७.२३** | **१४.०५** | **१९३.७** | **१५१.१** |
| **आयकर** | **२८९४९.९६** | **३५२५.१३** | **४२१०.७६** | **४५९०.५१** | **९१.७** | **३०.२** |
| आयकर | २५५५०.४२ | २८८१.२२ | ३३३१.६८ | ३९६७.९८ | ८४.० | ३७.७ |
| ब्याज कर | ३३९९.५४ | ६४३.९१ | ८७९.०८ | ६२२.५३ | १४१.२ | -३.३ |
| कर राजस्व जम्मा | १०६७९६.२५ | १६३४२.८० | २१७८७.३१ | २२९०८.०० | ९५.१ | ४०.२ |
| **गैर कर जम्मा** | **११२६३.७९** | **८९३.६१** | **२६९३.८५** | **२५९५.९४** | **१०३.८** | **१९०.५** |
| कूल राजस्व | ११८०६०.०४ | १७२३६.४० | २४४८१.१७ | २५५०३.९३ | ९६.० | ४८.० |
| **अन्य प्राप्ति** | **०.००** | **२२५६.४८** | **०.००** | **२२८१.४८** | **०.०** | **१.१** |
| **जम्मा राजस्व/प्राप्ति** | **११८०६०.०४** | **१९४९२.८८** | **२४४८१.१७** | **२७७८५.४१** | **८८.१** | **४२.५** |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको असोजसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र आय कर तर्फको ब्याजकर सङ्कलनमा कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ।

५. चालु आर्थिक वर्षको असोज सम्म कुल राजस्व सङ्कलन लक्ष्यको ९६.० प्रतिशत सङ्कलन भएको छ।

**चार्ट (क): पछिल्लो २ वर्षको असोज महिनासम्मको सङ्कलित राजस्वको संरचना**





स्रोतः अर्थ मन्त्रालय।

६. चालु आर्थिक वर्षको पहिलो तीन महिनाको कुल राजस्वमा भन्सार महशुल र गैर करको हिस्सा वृद्धि भएको छ भने आयकर र मुल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो ३ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

७ पछिल्लो पाँच आर्थिक वर्षको पहिलो तीन महिनामा राजस्व परिचालनमा सामान्य उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को पहिलो तीन महिनामा क्रमशः ४.१ प्रतिशत र ९.१ प्रतिशतले ऋणात्मक भएको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा उल्लेख्य वृद्धि भई ४८.० प्रतिशत पुगेको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ४९ अर्ब ५२ करोडको तुलनामा ४३.८ प्रतिशतले वृद्धि भई रू. २ खर्ब १४ अर्ब ९४ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. २२ अर्ब ८४ करोडको तुलनामा ३०.८ प्रतिशतले वृद्धि भई रू. २९ अर्ब ८७ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०७८ असोजसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४२ लाख ९४ हजार २ सय ६८ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता २६ लाख १४ हजार ९ सय ३२ (६०.९ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १६ लाख ६७ हजार ७ सय ६१ (३८.९ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १ हजार ५ सय १६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ११ हजार ८ सय ७३ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असारसम्म | २०७७ असोज | २०७८ असोज | असोजसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | ६०,७२४ | ८७३८१ | १,६६७,७६१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | ९७८ | १५७७ | ११,५७५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | १३३,८४० | १३९१७९ | २,६१४,९३२ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४,०६६,१३१** | **१९५५४२** | **२२८१३७** | ४,२९४,२६८ |
| मू.अ.कर | २९०७१४ | १०,५२२ | १०८०२ | ३०१,५१६ |
| अन्तः शुल्क | १०४१८२ | ५,७९९ | ७६९१ | १११,८७३ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३४.५ प्रतिशतले कमी आई रु. ५५ अर्ब ९४ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रु. ५ अर्ब ८१ करोड र ऋण सहायता रु. ५० अर्ब १३ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १०.४ प्रतिशत र ८९.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता रकम रु. ८५ अर्ब ३९ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये एशियाली विकास बैंक, विश्व बैंक र आई.एफ.ए.डी बाट क्रमशः ३६.३ प्रतिशत, ३३.६ प्रतिशत र २०.८ प्रतिशत प्राप्त भएको छ।

१२. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार एवम् सोसँग सम्बन्धित पूर्वाधार निर्माणको र सबैभन्दा कम खानेपानी तथा सरसफाई क्षेत्रमा प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनासम्मको क्षेत्रगत विकास सहायता प्रतिवद्धताको अवस्था (रू. करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | १८७.६२ | १२९२.९५ | १४८०.५७ | २६.५ |
| खानेपानी तथा सरसफाई | ५९.६६ | ०.०० | ५९.६६ | १.१ |
| कृषि | ०.०० | ११६२.२७ | ११६२.२७ | २०.८ |
| कोभिड | ०.०० | १९६९.७७ | १९६९.७७ | ३५.२ |
| स्वास्थ्य | ०.०० | ५८७.९५ | ५८७.९५ | १०.५ |
| वन तथा वातावरण | ३३३.९४ | ०.०० | ३३३.९४ | ६.० |
| **कुल** | **५८१.२१** | **५०१२.९४** | **५५९४.१५** | **१००** |

स्रोतः अर्थ मन्त्रालय

१३. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म वैदेशिक सहायता प्राप्त भएको छैन।

## वित्तीय क्षेत्र

१४. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म वार्षिक विन्दुगत आधारमा कुल निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा क्रमशः १.२ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): पहिलो तीन महिनाका वित्तीय परिसूचकहरु**

| वित्तीय सूचक | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | ९९.३८ | १०९.४७ | ११३.३१ |
| कुल कर्जा | ८७.६९ | ९०.८० | १०५.४२ |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.७४ | १.७३ | १.३७ |
| विपन्न क्षेत्र कर्जा | ६.७२ | ६.७८ | ८.३९ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्या) | १६५ | १४६ | १३२ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्या) | ९११० | ९९०३ | ११०३९ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह | ७४१ | ७४८ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २९२.७ | ३३५.३ | ३९४.१ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.६ | १५.६ | १७.६ |
| एटिएम (सङ्ख्या) | ३५२० | ४१९१ | ४,३४७ |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.७५ | ५.४५ | ५.४३ |
| कर्जा | ११.९७ | ९.८३ | ८.६९ |

स्रोतः नेपाल राष्ट्र बैंक

१५. २०७८ असोज मसान्तमा कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.३७ प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.३९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.७३ प्रतिशत र ६.७८ प्रतिशत रहेको थियो।

१६. २०७८ असोजसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ असोजसम्ममा ७४८ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१७. २०७७ असोज मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४६ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ असोजमसान्तमा वित्तीय संस्थामा कमी आई १३२ कायम भएको छ। २०७७ असोज मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९, ९०३ रहेकोमा २०७८ असोजमसान्तमा शाखा सङ्ख्या ११, ०३९ पुगेको छ।

१८. यस अवधिमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ५.४३ प्रतिशत र ८.६९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त ब्याजदर क्रमश ५.४५ प्रतिशत र ९.८३ प्रतिशत रहेको थियो।

## बीमा क्षेत्र

१९. चालु आर्थिक वर्षको असोज महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.२ प्रतिशतले वृद्धि भई ९७ लाख ४० हजार २ सय ७४ पुगेको छ। जसमध्ये जीवन बीमालेख (वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९२.५ प्रतिशत र ७.५ प्रतिशत रहेको छ। गत वर्षको असोज महिनासम्म उक्त हिस्सा क्रमशः ९१.५ प्रतिशत र ८.५ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको सोही अवधिमा वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा ३४.८ प्रतिशतले कमी आएको छ।

२०. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.१ प्रतिशतले वृद्धि भई रू. ४७ अर्ब ८७ करोड पुगेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. ३९ अर्ब ८६ करोड रहेको थियो।


२१. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.८ प्रतिशत र २०.२ प्रतिशत रहेको छ। गत वर्षको असोज महिनासम्म उक्त हिस्सा क्रमशः ८१.० प्रतिशत र १९.० प्रतिशत रहेको थियो।

२२. चालु आर्थिक वर्षको असोज महिनासम्म जारी भएको वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २८.२ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या २५.० प्रतिशत रहेको थियो।

## पूँजी बजार

२३. २०७७ असोज मसान्तमा १५६२.४६ विन्दुमा रहेको नेप्से सूचकांक २०७८ असोज मसान्तमा २६५६.९७ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ७८.० प्रतिशतले वृद्धि भई रु. ३७ खर्ब १९ अर्ब ७२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २० खर्ब ८९ अर्ब ७२ करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ वर्षको असोज मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२४. २०७८ असोज महिनाको ४ गते २६९८.२५ विन्दुमा रहेको नेप्से सूचकाङ्क असोज ७ गते महिनाको उच्च विन्दु २८१९.७५ मा पुगी क्रमशः ओरालो लाग्दै कारोवार भएको अन्तिम दिन असोज ३१ गते २६५६.९७ विन्दु कायम भएको छ।

चार्ट (घ): २०७८ असोज महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२५. २०७८ असोज मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ४.२४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ३.७९ प्रतिशत रहेको थियो।

२६. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.६३ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.७२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.५० प्रतिशत र २.४६ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२७. आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०९.५ प्रतिशतको उच्च वृद्धि भई रु. ६५ अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. ३१ अर्ब ४ करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल, सूर्यमुखीको प्रशोधित तेल र भटमासको प्रशोधित तेलको निर्यात उल्लेख्य वृद्धि भएको छ। जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न, फलफूलको जूस लगायतका वस्तुको निर्यातमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निर्यात भने १२.८ प्रतिशतले घटेको छ।

तालिका (ज) : असोज महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल (प्रशोधित) | ७६०.७३ | २२०२.६९ | १८९.५५ |
| प्रशोधित पाम तेल | ०.०४ | १३५१.४७ | – |
| सेन्थेटिक यार्न | १९८.०५ | ३००.७७ | ५१.८७ |
| उनी गलैंचा कार्पेट | २०४.०३ | २४८.०४ | २१.५७ |
| तयारी कपडा | १६२.३४ | २१५.४४ | ३२.७१ |
| जुटका बुनिएका कपडा | ९९.६६ | २०१.८ | १०२.४९ |
| सुर्यमुखिको तेल (प्रशोधित) | १७.४४ | १८२.२२ | ९४४.८४ |
| जमोठ कपडा | १३२.०२ | १७१.९१ | ३०.२२ |
| फलफुलको जुस | ९९.७५ | १५१.४७ | ५१.८५ |
| अलैची | १४७.२२ | १२८.३२ | -१२.८४ |
| अन्य | १,२८३.२९ | १,३५१.०८ | ५.२८ |
| **जम्मा** | **३,१०४.५७** | **६,५०५.२१** | **१०९.५४** |

स्रोतः भन्सार विभाग ।

२८. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८१.० प्रतिशत, ०.४ प्रतिशत र १८.६ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६८.७ प्रतिशत, ०.७ प्रतिशत र ३०.६ प्रतिशत रहेको थियो।

२९. यस अवधिमा भारत र चीन तर्फ भएको निर्यात क्रमशः १४७.१ प्रतिशत र १९.४ प्रतिशतले वृद्धि भएको छ।

## वस्तु आयात

३०. चालु आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६३.७ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ७८ अर्ब ५२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. २ खर्ब ९२ अर्ब २७ करोड रहेको थियो।

३१. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.० प्रतिशत, १४.१ प्रतिशत र २५.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६६.३ प्रतिशत, १४.८ प्रतिशत र १८.९ प्रतिशत रहेको थियो।

३२. यस अवधिमा भारत तर्फको आयातमा ४८.४ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको आयातमा ५५.२ प्रतिशतले वृद्धि भएको छ।

३३. चालु आर्थिक वर्षको असोज महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चाँदी, सुन र कच्चा पाम तेलको आयात उच्च दरले बढेको छ।

### तालिका (झ) : असोज महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)


| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ८९६.०१ | २३३२.४५ | १६०.३ |
| भटमासको तेल कच्चा | ८१३.९५ | २०६०.६१ | १५३.२ |
| मोवाइल टेलिफोन | १११०.१३ | १७१७.७२ | ५४.७ |
| कच्चा पाम तेल | १३२.३४ | १३०४.५४ | ८८५.७ |
| पेट्रोल | ५४९.७१ | १२८६.५७ | १३४.० |
| एम.एस.विलेट | ९८५.८२ | १२८५.४७ | ३०.४ |
| एल पि ग्यास | ६२४.०३ | १२१८.१६ | ९५.२ |
| चाँदी | ४९.४७ | ११९९.१४ | २३२४.० |
| सुन | ७४.८५ | १११२.७१ | १३८६.६ |
| तयारी कपडा | ७१८.२१ | १०३५.५१ | ४४.२ |
| अन्य | २३,२७२.३२ | ३३,२९९.४७ | ४३.१ |
| **जम्मा** | **२९,२२६.८४** | **४७,८५२.३५** | **६३.७** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३४. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५८.३ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब १३ अर्ब ४७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. २ खर्ब ६१ अर्ब २२ करोड थियो।


तालिका (ङ):पछिल्लो ५ आर्थिक वर्षको असोज महिनासम्मको व्यापार घाटाको स्थिति (रु  अर्बमा)




स्रोतः भन्सार विभाग

३५. विगत पाँच आर्थिक वर्षको असोज महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को असोज महिनासम्म वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। निर्यातको वृद्धिदर आयातको तुलनामा उच्च भए पनि कुल वैदेशिक व्यापारमा आयातको हिस्सा उच्च भएकोले व्यापार घाटा उच्च दरले वृद्धि भएको हो।

चार्ट (च): पछिल्लो ५ वर्षको असोज महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३६. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः १२.० प्रतिशत र ८८.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.६ प्रतिशत र ९०.४ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३७. आर्थिक वर्ष २०७८/७९ को पहिलो असोज महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. १८ अर्ब ३० करोडको तुलनामा २९.५ प्रतिशतले वृद्धि भई रु. २३ अर्ब ६९ करोड पुगेको छ। साथै, यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. ३० अर्ब २४ करोडमा ४३.६ प्रतिशतले वृद्धि भई रू. ४७ अर्ब ४८ करोड रहेको छ।

३८. आर्थिक वर्ष २०७८ को असोज महिनासम्म खुद सेवा आय रू. २३ अर्ब ७९ करोडले ऋणात्मक रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ११ अर्ब ९४ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३९. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. २ खर्ब ५८ अर्ब ९४ करोडको तुलनामा ७.६ प्रतिशतले कमी आई रु. २ खर्ब ३९ अर्ब ३२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह १२.७ प्रतिशतले वृद्धि भएको थियो।

४०. चालु आर्थिक वर्षको असोज महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई ६६ हजार ३ सय १६ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा १ हजार ८ सय ८० कामदारले मात्र अन्तिम श्रम स्वीकृति लिएका थिए। यस अवधिमा पुनः श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई ३४ हजार ८ सय २३ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४१. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्ममा शोधनान्तर स्थिति रु. ७६ अर्ब १४ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब १ अर्ब ९ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. १ खर्ब ५१ अर्ब ७० करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ३३ अर्ब ३८ करोडले बचतमा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४२. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. १४ खर्ब ७० अर्ब २६ करोडको तुलनामा १०.३ प्रतिशतले संकुचन आई रू १३ खर्ब १९ अर्ब ३२ करोड कायम भएको छ।

४३. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.६ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४४. २०७८ असार मसान्तको तुलनामा २०७८ असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.९ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १२०.१२ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रु. ११९.०४ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४५. आर्थिक वर्ष २०७७/७८ को असोज महिनासम्म दर्ता भएका कम्पनीको संख्या ७, ४९३ रहेकोमा चालु आर्थिक वर्षको असोज मसान्तमा यस्तो सङ्ख्या ३८.० प्रतिशतले वृद्धि भई १०, ३३७ पुगेको छ।

चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको कम्पनी दर्ताको प्रवृत्ति (संख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

### पर्यटक आगमन

४६. सन् २०२१ को जनवरी देखि अक्टोवर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या ५५.३ प्रतिशतले कमी आई १ लाख १ सय ४८ रहेको छ। गत वर्षमा यस्तो सङ्ख्या २ लाख २३ हजार ८ सय ८७ रहेको थियो। यस अवधिमा कुल पर्यटक आगमनमा कमी आएको देखिए तापनि अप्रिल देखि यताका महिनामा गत आर्थिक वर्षको तुलनामा पर्यटक आगमनमा वृद्धि हुने क्रम देखिएको छ।

४७. सन् २०२१ को अक्टोवर महिनासम्म पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा १८३.८ प्रतिशतले वृद्धि भई रू ४ अर्ब २० करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो आय ९१.४ प्रतिशतले कमी आई रू १ अर्ब ४८ करोड प्राप्त भएको थियो।

## अन्य गतिविधिहरू

४८. नेपाल राष्ट्र बैंकलाई सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान बापत रु. २ अर्ब निकासा प्रदान गरिएको छ।

४९. २०७८ असोज २४ गते माननीय अर्थमन्त्रीज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिको बैठक बसी सोको निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाईएको छ।

५०. २०७८ असोज ४ गते अर्थ मन्त्रालयमा विश्व बैंकका कार्यकारी निर्देशक मोहम्मद हसन र दक्षिण एशियाली क्षेत्रका उपाध्यक्ष श्री हार्टविग सेफर तथा प्रतिनिधिसँगको भेटमा माननीय अर्थमन्त्री जनार्दन शर्माले विश्व बैंकले नेपालको विकासमा लामो समयदेखि सहयोग पुर्याउदै आएकोमा धन्यवाद दिदै नेपाल सरकार सबै नागरिकलाई खोप उपलब्ध गराएर आर्थिक पुनरुत्थान तर्फ अगाडि बढ्न विश्वबैंकको थप सहयोग र सहकार्यको अपेक्षा गर्नुभयो। साथै, गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा र सडक सञ्जालको माध्यमबाट गरीबी घटाउन समेत विश्व बैंकको सहयोग रहने विश्वास व्यक्त गर्नुभयो।

५१. २०७८ असोज ८ गते मा अर्थमन्त्री जनार्दन शर्माले वर्तमान सरकारले स्यानीटरी प्याडमा शुल्क बढाएको भन्ने तथ्यहीन हल्लाहरुको भ्रममा नपर्न सरोकारवाला सबैमा अनुरोध गर्नुभएको छ। उहाँले वर्तमान सरकारले यसअघिदेखि लाग्दै आएको १५ प्रतिशत भन्सार शुल्क आर्थिक ऐन २०७८ मा जस्ताको तस्तै कायम राखेको र स्यानीटरी प्याड उत्पादन गर्ने स्वदेशी उद्योगलाई प्रोत्साहन गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रयोग हुने कच्चा पदार्थ आयातमा लाग्दै आएको १० प्रतिशत भन्सार शुल्कमा आधा घटाएर ५ प्रतिशत मात्र कायम गरेको स्पष्ट गर्नुभयो।

५२. २०७८ असोज १७ गते अर्थमन्त्री जनार्दन शर्माले माइक्रो फाइनान्स एशोशियशन अफ नेपालको मागपत्र बुझ्नुहुँदै गाँउ गाँउसम्म पहुँच रहेका लघु वित्त संस्थाहरुले ब्याजदर नघटाएसम्म गरिब जनताको जीवनस्तरमा परिवर्तन नआउने हुँदा ऋण प्रवाहमा हाल कायम ब्याजदर घटाउन लघुवित्त संस्थाहरुलाई आग्रह गर्नुभयो ।